स्थानीय राजपत्र

कागेश्वरी मनोहरा नगरपालिकाद्वारा प्रकाशित

खण्डः ६ संख्याः ५ मितिः २०८२।९।२१

भाग — २

कागेश्वरी मनोहरा नगरपालिका

नगर कार्यपालिकाको कार्यालय

डाँछी, काठमाडौं, वागमती प्रदेश, नेपाल

कागेश्वरी मनोहरा नगर अस्पताल

सामाजिक सेवा एकाइ (स्थापना तथा सञ्चालन) निर्देशिका, २०८१

कागेश्वरी मनोहरा नगर अस्पताल

सामाजिक सेवा एकाइ (स्थापना तथा सञ्चालन) निर्देशिका, २०८१

प्रस्तावनाः प्रत्येक नागरिकलाई राज्यबाट आधारभूत स्वास्थ्य सेवा निःशुल्क प्राप्त गर्ने हक हुनेछ र कसैलाई पनि आकस्मिक स्वास्थ्य सेवाबाट वन्चित गरिने छैन भन्ने मान्यतानुसार समाजमा सामाजिक वा आर्थिक दृष्टिले पिछडिएका शिक्षा, स्वास्थ्य र रोजगारीको मूलधारबाट पछाडि परेकाहरूको लागि आकस्मिक स्वास्थ्य सेवामा पहुँच पुर्याउदै विशेष सामाजिक सुरक्षा तथा स्वास्थ्य सेवा सहज, सरल र निःशुल्क प्रदान गर्न वाञ्छनीय भएकोले नेपाल सरकारको सामाजिक सेवा ईकाइ स्थापना तथा संचालन निर्देशिका २०७९ अनुसार नै मिल्ने गरी कागेश्वरी मनोहरा नगरपालिकाको प्रशासकीय कार्यविधि(नियमित गर्ने) ऐन २०७४ को दफा ३ले दिएको अधिकार प्रयोग गरि यो निर्देशिका बनाई लागु गरिएको छ।

परिच्छेद १

प्रारम्भिक

१ .संक्षिप्त नाम र प्रारम्भः

१. यस निर्देशिकाको नाम "कागेश्वरी मनोहरा नगर अस्पताल सामाजिक सेवा एकाइ" (स्थापना तथा सञ्चालन) निर्देशिका, २०८१ रहेको छ ।

२. यो निर्देशिका तुरुन्त लागू हुने छ ।

२. परिभाषाः विषय वा प्रसङ्गले अर्को अर्थ नलागेमा यस निर्देशिकाको प्रयोजनका लागि.

(क) **“नगर अस्पताल”** भन्नाले कागेश्वरी मनोहरा नगर अस्पताल सम्झनुपर्छ।

(ख) **"लक्षित समूहका विरामी"** भन्नाले सामाजिक सेवा एकाइ स्थापना तथा सञ्चालन निर्देशिकाले तोकेका अति गरिब, असहाय, अपाङ्गता भएका (परिचयपत्रवाहक) व्यक्ति, ज्येष्ठ नागरिक परिचयपत्रबाहक, लैङ्गिक हिंसापीडित विपद् एंव प्राकृतिक प्रकोप (महामारी भूकम्प बाडी पहिरो, आगलागी, आदि) बाट पीडित गरिब तथा विपन्न आकस्मिक बिरामी, सीमान्तकृत तथा लोपोन्मुख आदिवासी जनजाति आदिलाई सम्झनुपर्दछ।

(ग) **"सहजकर्ता"** भन्नाले सामाजिक सेवा एकाइको कार्यमा सहजीकरण, सेवा प्रवर्द्धन र अभिलेखन कार्यमा सहयोग पुर्याइ विरामीप्रति जवाफदेही हुन सेवा करारका व्यक्तिलाई सम्झनु पर्दछ ।

(घ) **"साझेदार संस्था"** भन्नाले सामाजिक सेवा एकाइले गर्ने कार्यमा सहयोग पुयाउने, प्रचलित कानुन बमोजिम दर्ता भएका स्थानीय सामाजिक एंव गैर सरकारी संस्थालाई सम्झनुपर्छ ।

(ङ) **"सामाजिक सेवा एकाइ"** भन्नाले लक्षित समूहका बिरामीहरूलाई स्वास्थ्य सेवामा समतामूलक पहुँच एंव उपयोग अभिवृद्धि गर्ने निःशुल्क तथा आंशिक छुटमा नियमित तथा विशेषज्ञ सेवाहरू उपलब्ध गराउने, स्वास्थ्य बीमा विपन्न नागरिक उपचार कोष जेरियाट्रिक, नवजात शिशु स्वास्थ्य, मानसिक स्वास्थ्य, गरिब तथा विपन्न बर्गका लागि निःशुल्क आकस्मिक सेवा लगायत सबै स्वास्थ्य सुरक्षा कार्यक्रमहरूको संयोजन एंव सहजीकरण गर्ने उद्देश्यले अस्पतालमा स्थापित एकाइहरूलाई सम्झनु पर्दछ ।

३. **उद्देश्यः** विशेषगरी सामाजिक सेवा एकाइका उद्देश्यहरू देहायबमोजिम रहेका छन्ः-

(क) लक्षित समूहका बिरामीहरूको स्वास्थ्य सेवामा समतामूलक पहुँच एवं उपयोग वृद्धि गर्ने,

(ख) लक्षित समूहसम्म निःशुल्क तथा आंशिक छुटमा विशेषज्ञ सेवाहरू उपलब्ध गराउने,

(ग) स्वास्थ्य बीमा विपन्न नागरिक उपचार कोष, ज्येष्ठ नागरिक (जेरियाट्रिक) स्वास्थ्य सेवा नवजात शिशु स्वास्थ्य, मानसिक स्वास्थ्य, गरिब तथा विपन्न वर्गका लागि निःशुल्क आकस्मिक सेवालगायत सबै सामाजिक सुरक्षा कार्यक्रमहरूको संयोजन एंव सहजीकरण गर्ने, र

(घ) व्यवस्थित, पारदर्शी र प्रभावकारी रूपले लक्षित समूहले स्वास्थ्य सेवा लिन सक्ने वातावरण तयार गर्ने ।

परिच्छेद २

संस्थागत व्यवस्था

४. **सामाजिक स्वास्थ्य सुरक्षा व्यवस्थापन समितिः** अस्पताल सञ्चालनमा रहेका र भविष्यमा सञ्चालन हुने सबै सामाजिक स्वास्थ्य सुरक्षाका कार्यक्रमहरूलाई सामाजिक सेवा एकाइ मार्फत् सञ्चालन गर्न आवश्यक मार्गनिर्देशन गर्न, एकाइले निर्णय लिन नसकेका विषयमा निर्णय लिन र एकाइका लागि सहज कार्य वातावरण सिर्जना गर्न सम्बन्धित अस्पतालमा

एक सामाजिक स्वास्थ्य सुरक्षा व्यवस्थापन समिति गठन गर्नु पर्नेछ । समितिमा देहायबमोजिम सदस्यहरू रहने छन्ः-

(क) अस्पताल प्रमुख निर्देशक -संयोजक

(ख) आकस्मिक विभाग प्रमुख -सदस्य

(ग) मेडिकल विभाग प्रमुख -सदस्य

(घ) स्टोर प्रमुख - सदस्य

(ङ) प्रशासन शाखा प्रमुख -सदस्य

(च) लेखा प्रमुख -सदस्य

(छ) स्वास्थ्य बीमा सम्पर्क व्यक्ति -सदस्य

(ज) स्वास्थ्य स्वयमंसेविका मध्येबाट अस्पताल व्यवस्थापन समितिले तोकेको एक जना - सदस्य

(झ) सामाजिक सेवा एकाइ प्रमुख - सदस्य सचिव

५. **<u>समितिको काम, कर्तव्य र अधिकारः</u>** समितिका काम, कर्तव्य र अधिकार देहायबमोजिम हुने छन्ः

(क) सेवा व्यवस्थापनमा सहजता ल्याउन एंव दोहोरोपना हटाउन सामाजिक स्वास्थ्य बीमा, विपन्न नागरिक उपचार कोष, गरिब तथा विपन्न वर्गका लागि निःशुल्क आकस्मिक सेवा, नवजात शिशु स्वास्थ्य, मानसिक स्वास्थ्य सेवा, ज्येष्ठ नागरिक (जेरियाट्रिक) स्वास्थ्य सेवालगायत अन्य सबै सामाजिक स्वास्थ्य सुरक्षा कार्यक्रमलाई एकद्वारबाट संयोजन तथा सहजीकरण गर्ने जिम्मेवारी सामाजिक सेवा एकाइको हुनाले अस्पताल व्यवस्थापनले उक्त जिम्मेवारी एकाइ प्रमुखलाई लिखित रूपमा प्रदान गर्ने,

(ख)सबै सामाजिक सुरक्षा कार्यक्रमका लागि संघ, प्रदेश तथा अन्य निकायबाट प्राप्त अनुदान रकम तथा आन्तरिक स्रोतमध्ये कम्तीमा १०% रकम समेत एउटै डालोमा राखी कार्ययोजना बनाइ वर्षभरिको सेवा व्यवस्थापन गर्ने,

(ग) ज्येष्ठ नागरिक (जेरियाट्रिक) स्वास्थ्य सेवा सञ्चालन भएको अवस्थामा सम्बन्धित अस्पताल व्यवस्थापनले सो कार्यक्रम तथा सामाजिक सेवा एकाइ सञ्चालनका लागि स्वास्थ्य तथा जनसङ्ख्या मन्त्रालय एंव प्रादेशिक स्वास्थ्य / सामाजिक विकास मन्त्रालयबाट प्राप्त अनुदान रकमलाई एउटै डालोमा राखेर लक्षित समूहका बिरामीहरूको उपचार खर्च व्यवस्थापन गर्ने,

(घ) अस्पतालबाट प्रदान गरिने सेवाहरूलाई आधार मानी लक्षित समूहका बिरामीलाई निःशुल्क स्वास्थ्य सेवामा तोकिएका औषधि बाहेक अन्य थप आवश्यक पर्ने औषधिहरूको सूची अस्पताल व्यवस्थापनबाट स्वीकृत गराई कार्यान्वयनमा ल्याउने,

(ङ) लक्षित समूहका बिरामीहरूलाई छिटोछरितो रूपमा उपचार सुविधा उपलब्ध गराउनका लागि अस्पताल अन्तर्गतका शाखाहरू बीच समन्वय कायम गर्न आवश्यक प्रक्रिया मिलाउने,

(च) लक्षित समूहका बिरामीहरूका लागि निःशुल्क वा आंशिक छुट दिनुपर्ने सेवालाई नियमित र प्रभावकारी बनाउन नेपाल सरकारका अन्य नीति निर्देशनबमोजिम आवश्यक व्यवस्था मिलाउने,

(छ) यस निर्देशिकामा उल्लिखित लक्षित समूहबाहेक विशेष अवस्थाका अन्य समूहलाई लक्षित समूहमा समावेश गर्नुपर्ने आवश्यक देखिएमा औचित्यका आधारमा निर्णय गरी कार्यान्वयनमा ल्याउने,

(ज) सामाजिक सेवा एकाइ स्थापना तथा सञ्चालन निर्देशिका बमोजिम लक्षित समूहका बिरामीहरूलाई अस्पतालबाट निःशुल्क वा सहुलियत रूपमा उपलब्ध गराउनुपर्ने सेवाहरू बन्दाबन्दी तथा कोरोना भाइरस जस्ता महामारी वा अन्य विपद्/ प्रकोपको समयमा पनि अस्पतालले बिना अवरोध नियमित रूपमा उपलब्ध गराउनुपर्ने,

(झ) लक्षित समूहका बिरामीलाई निःशुल्क स्वास्थ्य सेवा वा अन्य आवश्यक सेवा उपलब्ध गराउनका लागि आवश्यकताका आधारमा स्थानीय तह, प्रदेश स्वास्थ्य मन्त्रालय, सरोकारवाला संस्था / व्यक्तिसँग समन्वय गरी स्रोत व्यवस्था गर्ने,

(ञ) सामाजिक सेवा एकाइ प्रमुखलाई प्रत्यायोजन गरिएको सीमाभन्दा बढी लक्षित समूहका बिरामीलाई उपचारमा छुट दिनुपर्ने भएमा औचित्यका आधारमा अस्पताल प्रमुख निर्देशकले निर्णय गर्ने,

(ट) लक्षित समूहले स्वास्थ्य सेवामा पाउने सहुलियत र प्रक्रियाहरूबारे प्रचार-प्रसार अनिवार्य गर्नुपर्ने तथा सामाजिक सेवा एकाइबाट उपलब्ध हुने सेवा एंव सोको प्रक्रियाबारे अस्पतालको बडापत्रमा नै उल्लेख गर्नुपर्ने,

(ठ) सामाजिक सेवा एकाइले गरेका कामको अनुगमन तथा मूल्याङ्कन गर्ने,

(ड) बेवारिसे, असाहाय, सहराबिहीन, असक्त एवम् अपाङ्गता भएका बिरामीहरूको लागि आवश्यक कुरुवाको व्यवस्था गर्ने ।

(ढ) नगर अस्पतालको हकमा बढीमा रु. २००० सम्मको औचित्य पुष्टि भएमा औषधि र अन्य उपचार सेवामा छुट सुविधा उपलब्ध गराउन सामाजिक सेवा इकाई प्रमुखलाई जिम्मेवारी दिने ।

६. **<u>सामाजिक स्वास्थ्य सुरक्षा व्यवस्थापन समितिको बैठक र निर्णयः</u>**

(क) सामाजिक स्वास्थ्य सुरक्षा व्यवस्थापन समितिको बैठकको अध्यक्षता सो समितिको संयोजकले गर्नेछ । निजको अनुपस्थितिमा समितिका सदस्यहरूले छानेको व्यक्तिले समितिको बैठकको अध्यक्षता गर्नेछ ।

(ख) समितिको बैठकमा बहुमतको राय मान्य हुनेछ । मत बराबर भएमा बैठकको अध्यक्षता गर्ने व्यक्तिले निर्णायक मत दिनेछ ।

(ग) समितिको बैठक सामान्यतया चौमासिक रूपमा वा आवश्यकतानुसार जुनसुकै समयमा पनि बस्न सक्नेछ ।

७. **<u>सामाजिक सेवा एकाइको संरचना :</u>** अस्पतालमा एक सामाजिक सेवा ईकाइको संरचना रहनेछः

(क) **<u>एकाइ प्रमुखः</u>**सामाजिक सेवा एकाइको कार्य प्रकृतिसँग मेलखाने गरी अस्पतालको स्तर हेरी अस्पताल व्यवस्थापनले स्थाई कर्मचारी सो उपलब्ध नभए अस्पताल तर्फका कम्तीमा सहायक पाँचौ वा सो सरहको स्थायी कर्मचारीलाई एकाइ प्रमुख तोक्नुपर्नेछ।

(ख) **<u>उप प्रमुखः</u>** सामाजिक सेवा एकाइको कार्य प्रकृतिसँग मेलखाने गरी अस्पताल कार्यकारी निर्देशकले कम्तिमा सहायक चौथो सम्मको कर्मचारी उप प्रमुख तोक्नुपर्नेछ ।

(ग) **<u>सहजकर्ताहरूः</u>** अस्पतालको बहिरङ्ग, अन्तरङ्ग र आकस्मिक सेवामा मासिक रूपमा उपचार गर्न आउने बिरामीहरूको मासिक चाप एंव अस्पतालमा सञ्चालनमा रहेका बेड संख्याको आधारमा कम्तीमा २ जनादेखि अधिकतम १२ जनासम्म महिला र पुरुषको सन्तुलन मिलाई सहजकर्ताको व्यवस्था गर्नुपर्नेछ ।

८. **<u>सामाजिक सेवा एकाइको काम कर्तव्य र अधिकारः</u>** सामाजिक सेवा एकाइले लक्षित समूहका बिरामीहरूलाई सेवा प्रदान गर्ने सिलसिलामा देहायको प्रक्रिया अवलम्बन गर्नुपर्नेछः

(क) उपचारमा संलग्न चिकित्सक एवं स्वास्थ्यकर्मीसँग समन्वय गरी सोझै वा प्रेषण भई अस्पतालमा आएका सेवाग्राहीहरू मध्ये निशुल्क तथा आंशिक छुट सेवा प्रदान गर्नुपर्ने लक्षित समूहका बिरामीहरू पहिचान गर्ने ।

(ख) एकाइका सबै पदाधिकारी अस्पताल कर्मचारी तथा सरोकारवाला संस्थाहरूलाई सामाजिक सेवा एकाइका उद्देश्य जिम्मेवारी, कार्य सञ्चालन विधि एवम् लक्षित समूहका बिरामीका लागि दिइने निःशुल्क तथा आंशिक छुट सेवाबारे जानकारी उपलब्ध गराउने ।

(ग) लक्षित समूहका विरामीहरूलाई सहज रूपमा सेवा उपलब्ध गराउन अस्पताल भित्रका विभागहरूसँग समन्वय गर्ने ।

(घ) लक्षित समूहका बिरामीहरूलाई आवश्यकता अनुरूप विशेषज्ञ सेवा उपलब्ध गराउनुपर्ने भएमा अस्पतालभित्रै वा अस्पतालमा सेवा उपलब्ध नभएको खण्डमा नजिकैको अस्पतालमा प्रेषण गर्न सहयोग गर्ने। आकस्मिक र अन्तरङ्गका विरामीहरूलाई प्रेषण गरी अन्य अस्पतालहरूमा लैजान परेमा दूरी हेरी एम्बुलेन्स खर्च गर्न सक्ने छ ।

(ङ) यस निर्देशिकामा तोकिएको सीमाभन्दा माथि लक्षित समूहका बिरामीलाई निःशुल्क वा छुट दिनुपर्ने देखिएमा सो निर्णयका लागि आवश्यक विवरण एंव औचित्य सहित अस्पताल प्रमुख निर्देशक समक्ष सिफारिस गर्नुपर्ने छ ।

(च) उपचारका क्रममा बेखर्ची भई खान, बस्न तथा यातायात खर्च समेत नभई अलपत्र परेका बिरामीलाई आवश्यक व्यवस्था मिलाउन सिफारिस सहित अस्पताल प्रमुख र निर्देशक समक्ष पेश गर्नुपर्ने छ ।

(छ) स्वास्थ्य बीमा अन्तर्गत सेवा लिन आएका गरिब, अपाङ्गता भएका व्यक्ति, बिमित व्यक्तिहरूलाई अस्पतालमा उपलब्ध सेवाहरू प्रभावकारी रूपले उपलब्ध गराउन वा अन्यत्र प्रेषण गर्नुपर्ने भएमा सोको समेत सहजीकरण गर्नुपर्नेछ । उपलब्ध ढाँचाबमोजिम सेवा लिएको अभिलेख राख्ने एंव प्रतिवेदन गर्नुपर्नेछ ।

(ज) ज्येष्ठ नागरिक (जेरियाट्रिक) स्वास्थ्य सेवा प्रवाहका लागि मन्त्रालयबाट जारी गरिएको निर्देशिका मार्गदर्शन बमोजिम एकीकृत रूपमा सेवा प्रदान गर्न सहजीकरण गर्ने र सेवा उपलब्ध गराएको अभिलेख तथा प्रतिबेदन गर्नुपर्ने छ ।

(झ) सामाजिक सेवा एकाइ लक्षित समूहका बिरामीप्रति जवाफदेही भई सम्बन्धित कार्यकारी निर्देशकप्रति उत्तरदायी हुने छ ।

(ञ) सामाजिक सेवा एकाइबाट सेवा लिने व्यक्तिहरूको नामावली र फोटो दैनिक रूपमा सबैले देख्ने गरी डिजिटल बोर्डमा सार्वजनिक गर्नुपर्ने छ।

(ट) निःशुल्क तथा आंशिक छुट सेवा पाएका बिरामीहरूको अभिलेख दिइएको ढाँचाबमोजिम रजिष्टर र यस निर्देशिका बमोजिम उपलब्ध गराइएको अनलाइन सफ्टबेयरमा राखी

उक्त महिनाको पहिलो हप्ताभित्र एकीकृत स्वास्थ्य सूचना प्रणालीमा समावेश गराउनु पर्नेछ ।

(ठ) निःशुल्क तथा आंशिक छुट पाएका बिरामीहरूको विवरण बारे बिरामी बसोबास गर्ने जिल्ला, गाउँपालिका/ नगरपालिका, बिरामीको प्रकार, लिङ्ग, उमेर, जातजाति समेतका आधारमा चौमासिक रूपमा समीक्षा गर्नुपर्दछ। लक्षित समूहका बिरामीहरूलाई थप प्रभावकारी रूपमा सेवा पुर्याउन देखा परेका कठिनाइ/चुनौतीहरू, सिकाइहरू, समाधानका उपायहरू समेतको समीक्षा गरी अर्को चौमासिकको कार्ययोजना तयार गर्नुपर्दछ ।

९. **<u>सामाजिक सेवा एकाइको बैठक तथा निर्णयः</u>** एकाइका कर्मचारी एंव सहजकर्ताको बैठक दुई महिनाको अन्तरालमा बस्नुपर्नेछ । सो बैठकमा एकाइले गरेका हालसम्मका प्रगति, सिकाई सञ्चालनमा देखा परेका समस्याहरू एंव उपायका बारेमा छलफल गरी आवश्यक निर्णय गर्न सामाजिक स्वास्थ्य सुरक्षा व्यवस्थापन समिति समक्ष पेश गर्न सक्नेछ ।

१०. **<u>एकाइ प्रमुखका काम, कर्तव्य र अधिकारः</u>** यस निर्देशिकामा उल्लिखित सामाजिक सेवा एकाइको काम, कर्तव्यका अतिरिक्त एकाइ प्रमुखको जिम्मेवारी निम्नानुसार हुनेछः-

(क) सामाजिक सेवा एकाइलाई संयोजन एबम् नेतृत्व गर्ने ।

(ख) सामाजिक स्वाथ्य सुरक्षा व्यवस्थापन समितिसँग समन्वय गर्ने ।

(ग) अस्पताल प्रमुख निर्देशकलाई नियमित सूचना उपलब्ध गराउने ।

(घ) सहजकर्ताबाट पहिचान भएका लक्षित समूहका विरामीहरूलाई आवश्यकतानुसार निर्देशिकाले तोकेको सीमाभित्र रही निःशुल्क तथा आंशिक छुट दिन निर्णय गर्ने र सीमाभन्दा बढी छुट दिनुपर्ने भएमा अस्पताल प्रमुख निर्देशक समक्ष सिफारिस गर्ने ।

(ङ) एकाइको नियमित कार्यालय सञ्चालन प्रभावकारी सहजीकरण, नियमित अभिलेखीकरण गर्ने व्यवस्था मिलाउने ।

(च) यस निर्देशिकामा व्यवस्था गरिएबमोजिम व्यवस्थापन समितिको सदस्य सचिवका रूपमा काम गर्ने ।

११. **<u>सामाजिक सेवा एकाइको कार्यकक्षः</u>** अस्पताल व्यवस्थापनले सामाजिक सेवा एकाइका लागि अस्पतालको भुइँतलामा छुट्टै कार्यकक्ष र सहजकर्ताका लागि बहिरङ्ग विभाग परिसरमा सहायता कक्षको व्यवस्था गर्नु पर्नेछ । बिरामी दर्ता गर्ने समयमा सामाजिक सेवा एकाइका कर्मचारीहरूले सहज रूपमा लक्षित समूह पहिचान गर्न सक्ने र लक्षित समूहका बिरामीहरूले सहयोगका लागि एकाइमा सजिलै सम्पर्क गर्न सक्ने किसिमले

सहायता कक्षको व्यवस्था गर्नुपर्नेछ । सामाजिक सेवा एकाइमा कार्यरत कर्मचारी एबम् सहजकर्ताहरूले कार्यसञ्चालन समयमा गाढा निलो रङको एप्रोन लगाउनुपर्नेछ ।

१२. **सामाजिक सेवा एकाइ सञ्चालन समयः**

(१) सामाजिक सेवा एकाइको कार्य सञ्चालन समय हप्ताको सात दिन (सार्वजनिक बिदाको दिनमा समेत ।२४ घण्टाको हुनेछ ।

(२) अस्पतालमा आउने बिरामीहरूको चाप हेरी सम्बन्धित अस्पताल व्यवस्थापनले तीन चरणको समय तालिका निर्धारण गर्नुका साथै तीनै चरणमा काम गर्ने सहजकर्ताको संख्या एवम् कार्यतालिका निर्धारण गर्नुपर्नेछ ।

(३) सार्वजनिक बिदाको दिनका लागि कति जना र कति समयावधिका लागि सहजकर्ता परिचालन गर्ने कुरा सामाजिक सेवा एकाइ प्रमुखले निर्धारण गर्नुपर्नेछ ।

(४) सामाजिक सेवा एकाइका सहजकर्ताहरूको हकमा सम्बन्धित अस्पतालको सार्वजनिक विदाको नियम लागू हुने छैन । सार्वजनिक बिदाको दिन सामाजिक सेवा एकाइबाट दिइने सेवामा असर नपुग्ने गरी सहजकर्ताहरूले आलोपालो मिलाई हप्तामा एकदिन बिदा लिन पाउने छन् । राष्ट्रिय चाडपर्वका समयमा सामाजिक सेवा एकाइबाट प्रदान गरिने सेवामा बाधा नपुग्ने गरी अस्पताल व्यवस्थापनले सहजकर्ताहरूलाई दिइने बिदाको दिन निर्धारण गर्ने छ । सोही बिदालाई आधार मानी एकाइ प्रमुखले बिदा स्वीकृत गर्न सक्नेछ ।

१३. **सहजकर्ताको छनौटः** साझेदार संस्थाले सहजकर्ताहरूको छनौट गर्दा निम्नलिखित बुँदाहरूलाई आधार मान्नुपर्ने छ :

(क) कम्तीमा अनमी, अहेव उत्तीर्ण वा अन्य सो सरह योग्यता भएका स्वास्थ्यकर्मी वा सो भन्दा माथिल्लो योग्यता भएका स्वास्थ्यकर्मी र

(ख) कम्प्युटर सम्बन्धी आधारभुत (MS office) दक्षता प्राप्त गरेको व्यक्ति

१४. **सहजकर्ताको काम, कर्तव्य र अधिकारः** यस निर्देशिकाको बमोजिम उल्लिखित काम, कर्तव्यका अतिरिक्त सहजकर्ताको जिम्मेवारी देहायबमोजिम हुनेछः-

(क) एकाइ प्रमुखको मातहतमा रही कार्ययोजना अनुरूप कार्य गर्ने,

(ख) सामाजिक सेवा एकाइबाट प्राप्त हुने सेवाबारे लक्षित समूहसम्म सूचना पुर्याउन मदत गर्ने,

(ग) अन्य अस्पताल एंव स्वास्थ्य संस्थाबाट प्रेषण भई आएका र सोझै अस्पतालमा आएका सोवाग्राहीहरू मध्येबाट लक्षित समूह पहिचान गर्ने,

(घ) अस्पतालको बहिरङ्ग, अन्तरङ्ग र आकस्मिक विभागमा सेवा लिन आएका लक्षित समूहका बिरामीहरूको पहिचान गरी सेवा प्रदान गर्ने कार्यमा सहजीकरण गर्ने,

(ङ) निःशुल्क वा आंशिक छुट दिनुपर्ने बिरामीहरूलाई उपचारको क्रममा मूल्याङ्कन गरी सेवा उपलब्धताको सुनिश्चितता गर्ने,

(च) निःशुल्क तथा आंशिक छुट सेवा पाएका बिरामीहरूको अभिलेख राख्न र अनलाइन अभिलेख तथा प्रतिबेदन गर्नका लागि एकाइ प्रमुखलाई सहयोग पु-याउने,

(छ) बेवारिसे, असाहाय सराहाविहीन असक्त एवम अपाङ्गता भएका बिरामीहरूलाई द्रुत रूपमा सेवा उपलब्ध गराउने।

परिच्छेद ३

लक्षित समूह पहिचान तथा सहुलियत स्वास्थ्य सेवा

१५. **लक्षित समूहः** सामाजिक सेवा एकाइले निःशुल्क वा सहुलियत रूपमा स्वास्थ्य सेवा उपलब्ध गराउने लक्षित समूह देहाय बमोजिम रहेका छन्ः

(क) गरिब,

(ख) असहाय,

(ग) अपाङ्गता भएका व्यक्ति (परिचयपत्रबाहक),

(घ) जेष्ठ नागरिक (परिचयपत्रबाहक),

(ङ) लैङ्गिक हिंसा पीडित (बालबालिकासमेत),

(च) गरिब तथा विपन्न आकस्मिक बिरामी,

(छ) विपद् एंव प्राकृतिक प्रकोप (महामारी, भूकम्प, बाढी, पहिरो, आगलागी आदि) बाट पीडित,

(ज) सीमान्तकृत तथा लोपोन्मुख आदिवासी, जनजाति,

(झ) महिला स्वास्थ्य स्वयंसेविका (परिचयपत्रबाहक),

(ञ) कुपोषित बालबालिका,

(ट) प्रहरीले ल्याएका थुनुवा बिरामी,

(ठ) शहीद परिवार (परिचयपत्रबाहक),

(ड) स्थानीयका आधारमा थप गर्नुपर्ने लक्षित समूह भए उल्लेख गर्ने ।

१६. **लक्षित समूहका बिरामीहरूको पहिचान र सहुलियतका आधारहरूः** सामाजिक सेवा एकाइले लक्षित समूह पहिचान गरी सहुलियत निर्धारण गर्दा निम्नानुसारका आधारहरूलाई अवलम्बन गर्नुपर्नेछः-

(क) **गरिबः** नेपाल सरकारबाट उपलब्ध गराइएको गरिबको परिचयपत्र प्राप्त गरेको वा वडा कार्यालयको सिफारिसको आधारमा नगर प्रमुखको सिफारिस भएमा कार्यकारी निर्देशकले उपयुक्त ठहर्याएमा एकाइका कर्मचारीहरूले यस निर्देशिका अनुसारको फारमका आधारमा गरिबको निर्धारण गर्न सक्ने छन् । गरिबको अवस्था मूल्याङ्कनको आधारमा अति गरिब व्यक्तिलाई तोकिए बमोजिमका स्वास्थ्य सेवा निःशुल्क र गरीब व्यक्तिलाई तोकिए बमोजिमको स्वास्थ्य उपचार सेवामा ५०% छुट दिनुपर्ने छ ।

(ख) **असहायः** हेरविचार गर्ने परिवार अविभावक वा अन्य कोही व्यक्ति नभएको बेसहारा, संरक्षकविहीन शारीरिक रूपले अशक्त व्यक्ति, नेपाल सरकारबाट उपलब्ध गराइएको परिचयपत्र /सिफारिसपत्र बा वडा कार्यालयको सिफारिसको आधारमा कार्यकारी निर्देशकले उपयुक्त ठहर्याएमा एकाइका कर्मचारीहरूले यस निर्देशिका अनुसारको फारमका आधारमा असहाय अवस्थाको निर्धारण गर्न सक्ने छन् । असहाय बिरामीलाई तोकिएबमोजिमका स्वास्थ्य सेवा निःशुल्क रूपमा उपलब्ध गराउनुपर्नेछ।

(ग) **अपाङ्गता भएका व्यक्तिः** यस निर्देशिकाको प्रयोजनका लागि अपाङ्गता भएका व्यक्ति भन्नाले शारीरिक वा मानसिक कारणले अरूको सहारा लिएर मात्र दैनिक कार्य सम्पादन गर्न सक्ने अवस्थाका व्यक्तिहरू, जस्तैः श्रवण शक्ति गुमाएका, दृष्टिविहीन, आफै हलचल गर्न नसक्ने व्यक्तिलाई सम्झनु पर्दछ । नेपाल सरकारबाट चार वर्गका परिचयपत्र पाएका मध्ये "क" वर्गको (रातो रङ) को परिचयपत्र पाएका व्यक्तिलाई तोकिए बमोजिमको स्वास्थ्य सेवा निः शुल्क र "ख" वर्ग (निलो रङ) को परिचयपत्र पाएका व्यक्तिलाई रु ५०% छुटमा सेवा प्रदान गर्नुपर्ने छ ।

(घ) **ज्येष्ठ नागरिकः** नेपाल सरकारबाट उपलब्ध गराइएको ज्येष्ठ नागरिक परिचय- पत्रका आधारमा ज्येष्ठ नागरिकहरूलाई स्वास्थ्य सेवामा सहुलियत प्रदान गर्दा ६० वर्षदेखि ६९ वर्षसम्मका व्यक्तिहरूलाई तोकिएबमोजिमका निश्चित स्वास्थ्य सेवामा ५०% सम्म ७० देखि ७९ वर्षसम्मका व्यक्तिहरूलाई शारीरिक अशक्तता, दीर्घरोग र आर्थिक स्थितिका आधारमा तोकिएका सेवाहरूको दायरा बढाइ ७५% सम्म स्वास्थ्य उपचार सेवामा सहुलियत प्रदान गर्नुपर्ने छ । ८० वर्षदेखि ८४ वर्षका व्यक्तिहरूलाई तोकिएबमोजिमका सेवाहरू निःशुल्क रूपमा उपलब्ध गराउनुपर्ने छ । ८५ वर्षभन्दा माथिका ज्येष्ठ नागरिकहरूलाई अस्पतालमा उपलब्ध स्वास्थ्य सेवाहरू निःशुल्क रूपमा उपलब्ध गराउनुपर्ने छ। यदि ज्येष्ठ नागरिकले स्वास्थ्य बीमा गरेको भएमा सोही बीमा

रकमबाट स्वास्थ्य उपचार प्रदान गर्नुपर्ने छ ।बीमा रकम अपुग भएको अवस्थामा मात्र अस्पतालले सामाजिक सेवा एकाइ वा अन्य स्रोतबाट उपचार खर्च बेहोर्नुपर्नेछ ।

(ङ) **<u>लैङ्गिक हिंसाबाट प्रभावित:</u>** "लैङ्गिक हिंसा पीडित तथा प्रभावित व्यक्ति" भन्नाले एकद्वार सङ्कट व्यवस्थापन केन्द्रमा सेवा लिइरहेका व्यक्ति वा लैङ्गिक हिंसामा परी स्वास्थ्य उपचार मेडिको लिगल, सुरक्षा संरक्षण, मनोसामाजिक परामर्श, सुरक्षित आवास, कानूनी उपचार जीविकोपार्जन तथा पुनर्स्थापना सेवाको खोजीमा रहेका महिला, पुरुष, बालबालिका तथा लैंगिक तथा यौनिक अल्पसंख्यक समेतलाई सम्झनु पर्छ । स्थानीय तह, जिल्ला प्रशासन कार्यालय, जिल्ला प्रहरी कार्यालय एंव एकद्वार सङ्कट व्यवस्थापन केन्द्रबाट लैङ्गिक हिंसाबाट प्रभावितका रूपमा सिफारिस भइ आएका महिला तथा पुरुष र बालबालिकाहरूलाई आवश्यक सबै स्वास्थ्य उपचार सेवा (अस्पतालमा उपलब्ध नभएका सेवा आवश्यक परेमा सो सेवासमेत) पूर्णरूपमा निःशुल्क उपलब्ध गराउनुपर्नेछ ।

(च) **<u>गरिब तथा विपन्न आकस्मिक बिरामी:</u>** गरिब तथा विपन्न वर्गलाई केन्द्रीय तथा प्रादेशिक अस्पतालहरूबाट प्रारम्भिक चरणको आकस्मिक स्वास्थ्य सेवा निःशुल्क उपलब्ध गराउने सम्बन्धी कार्यविधि २०७७ अनुसार अस्पतालबाट आकस्मिक कक्षमा आएका गरिब तथा विपन्न वर्ग (उपचार सेवा लिन आउँदाको बखत उपचार खर्च नभएका, साथमा कोही पनि नभएका र तेस्रो व्यक्तिले ल्याएका वा बेवारिसे) का बिरामीहरूलाई प्रारम्भिक स्वास्थ्य उपचार सेवा निःशुल्क प्रदान गर्नुपर्ने छ । तोकिएबाहेकका अन्य अस्पतालहरूबाट पनि आकस्मिक अवस्थाका गरिब तथा विपन्न वर्गका बिरामीहरूलाई सामाजिक सेवा एकाइबाट प्रारम्भिक स्वास्थ्य सेवा निःशुल्क रूपमा उपलब्ध गराउनुपर्ने छ ।

(छ) **<u>विपद् एंव प्राकृतिक प्रकोप पीडित:</u>** महामारी भूकम्प, बाढीपहिरो, आगलागी आदिबाट पीडित व्यक्तिहरूलाई विपद् एंव प्राकृतिक प्रकोप कायम रहेसम्म आकस्मिक तथा अन्य स्वास्थ्य उपचार सेवा निःशुल्क रूपमा उपलब्ध गराउनुपर्ने छ ।उक्त पीडित व्यक्तिहरूलाई निःशुल्क रूपमा स्वास्थ्य सेवा प्रदान गर्ने समय सीमा व्यवस्थापन समितिले निर्धारण गर्नुपर्ने छ ।

(ज) **<u>सीमान्तकृत तथा लोपोन्मुख आदिवासी जनजाति:</u>** नेपाल सरकारले लोपोन्मुख आदिवासी जनजातिका रूपमा सूचीकृत गरेका समुदाय तथा स्थानीय परिवेशअनुसार गरिबी एंव विपन्नताका आधारमा सीमान्तीकृत आदिवासी जनजातिका रूपमा अस्पताल व्यवस्थापनबाट निर्णय गरिएका समुदायलाई तोकिएबमोजिमका स्वास्थ्य सेवा निःशुल्क रूपमा उपलब्ध गराउनुपर्ने छ ।

(झ) **<u>महिला स्वास्थ्य स्वयंसेविकाः</u>** स्थानीय तह एंव स्थानीय स्वास्थ्य संस्थाबाट सञ्चालन गरिने जनस्वास्थ्यका गतिविधिमा सहयोग पुर्याउने गरी प्रत्येक वडाहरूमा स्वयंसेविकाका रूपमा कार्यरत परिचयपत्र पाएका बहाल वाला व्यक्तिलाई तोकिएबमोजिमको स्वास्थ्य उपचार सेवामा ५०% छुट दिनुपर्ने छ ।

(ञ) **<u>कुपोषित बालबालिकाः</u>** पोषण पुनर्स्थापना केन्द्रमा भर्ना भएका वा अन्य कुपोषित बालबालिकाहरूलाई तोकिएका स्वास्थ्य सेवा निःशुल्क रूपमा उपलब्ध गराउनुपर्ने छ ।

(ट) **<u>प्रहरीले ल्याएका थुनुवा बिरामी :</u>** हिरासत वा कारागारमा रहेको समयमा बिरामी भई प्रहरीले उपचार गर्न अस्पताल ल्याएका थुनुवा र बालसुधार गृहका बालबालिका बिरामीहरूलाई प्रारम्भिक चरणको स्वास्थ्य उपचार सेवा निःशुल्क रूपमा उपलब्ध गराउनुपर्ने छ ।

(ठ) **<u>शहिद परिवारः</u>** नेपाल सरकारले प्रदान गरेको शहिद परिवार परिचयपत्रका आधारमा उनीहरूलाई तोकिएका स्वास्थ्य सेवामा सहुलियत प्रदान गर्नुपर्ने छ ।

१७. **<u>लक्षित समूहका विरामी छनोट प्रक्रियाः</u>** लक्षित समूहका बिरामी पहिचान एवम् छनोट गर्दा निष्पक्ष ढङ्गले गर्नुपर्दछ । सो कार्यका लागि देहायबमोजिमको व्यवस्था गर्नुपर्ने छः-

(१) अस्पतालमा सामाजिक सेवा एकाइको सहायता कक्ष स्थापना गरी लक्षित समूहलाई दिइने सहुलियत एबम् सेवा बारे जानकारी गराउनुपर्ने छ ।

(२) आकस्मिक, बहिरङ्ग तथा अन्तरङ्ग कक्षमा उपचारमा संलग्न स्वास्थ्यकर्मीहरूलाई उपचारको सिलसिलामा बिरामी लक्षित समूहभित्र परेमा वा लक्षित समूहको परिचयपत्र लिई आएको भएमा वा अन्य अस्पतालबाट लक्षित समूहको बिरामीका रूपमा प्रेषण भई आएको भएमा बिरामी वा निजका अभिभावकलाई नगर प्रमुखको सिफारिस सहित सामाजिक सेवा एकाइमा सम्पर्क गर्न पठाउनुपर्ने छ

(३) सेवाग्राही संरक्षकविहीन अशक्त अवस्थाको भएमा उपचारमा संलग्न स्वास्थयकर्मिहरूले एकाइका कर्मचारीलाई उपचार कक्षमै बोलाई प्रक्रिया अगाडि बढाउन लगाउनुपर्ने छ।

(४) लक्षित समूहहरू मध्ये अपाङ्गता भएका व्यक्ति, ज्येष्ठ नागरिक र महिला स्वास्थ्य स्वयंसेविकाहरू अन्तरङ्गमा उपचारमा आउँदा परिचयपत्र नल्याएको अवस्थामा निःशुल्क सहुलियत सेवा माग गरेमा निजहरूले अस्पतालको उपचार अवधिमा परिचयपत्र ल्याएको

खण्डमा सोबापतको सुविधा पाउनेछन् ।तर, उपचार गर्दा निजहरूले खर्च गरिसकेको भएमा सो रकम सोधभर्ना गर्न मिल्ने छैन।

(५) लक्षित समूह पहिचान गर्न सामाजिक सेवा एकाइका कर्मचारीहरूले अनुसूची- १ अनुसारको फारम भर्न बिरामीलाई सहयोग गर्नुपर्ने छ र सोही फारममा भरिएका विवरणका आधारमा लक्षित समूह पहिचान गरी निःशुल्क तथा आंशिक छुट सुविधा निर्धारण गर्न सकिने छ ।

(६) लक्षित समूह पहिचान भइसकेपछि निजलाई सहुलियत रूपमा स्वास्थ्य सेवा उपलब्ध गराउनका लागि सामाजिक सेवा एकाइका कर्मचारीहरूले अनुसूची- ४ अनुसारको फाराम भर्नुपर्ने छ ।

१८. **लक्षित समूहका लागि सहुलियत रूपमा उपलब्ध हुने सेवाः** लक्षित समूहका बिरामीहरूलाई सामाजिक सेवा एकाइबाट देहाय बमोजिमको निःशुल्क वा आंशिक छुटमा स्वास्थ्य सेवा उपलब्ध गराउनु पर्नेछः-

(१) लक्षित समूहमध्ये अतिगरिब, असहाय, पूर्ण अशक्त अपाङ्गता भएका व्यक्ति, लैङ्गिक हिंसापीडित, विपद् एंव प्राकृतिक प्रकोपबाट पीडित कुपोषित बालबालिका गरिब तथा विपन्न आकस्मिक बिरामी र सीमान्तीकृत तथा लोपोन्मुख आदिवासीलाई तोकिएबमोजिमका स्वास्थ्य सेवा निःशुल्क रूपमा उपलब्ध गराउनुपर्ने छ ।

(२) बहिरङ्ग, आकस्मिक र अन्तरङ्ग कक्षमा उपचार गराउने क्रममा अस्पतालमा उपलब्ध निदानमूलक र उपचारमूलक सेवाहरू (औषधि ल्याव, एक्सरे, इसिजी, सर्जरी लगायतका सेवाहरू) अस्पतालको आर्थिक स्रोतभित्र रहेर निःशुल्क वा आंशिक छुटमा उपलब्ध गराउनुपर्ने छ ।

(३) सम्बन्धित अस्पतालले प्रदान गर्ने सेवाहरूलाई आधार गरेर लक्षित समूहका बिरामीहरूलाई उपलब्ध गराउन सक्ने निशुल्क औषधिहरूको सूची सामाजिक स्वास्थ्य सुरक्षा व्यवस्थापन समितिले स्वीकृत गरी अस्पतालको फार्मेसीमा उपलब्ध हुने औषधिको सूचीमा समावेश गर्नुपर्ने छ । प्रत्येक वर्ष सो औषधिको सूचीलाई अद्यावधिक गर्नुपर्ने छ । सूचीमा उल्लेखित औषधिभन्दा फरक औषधि उपलब्ध गराउनुपर्ने भएमा एकाइले अस्पताल प्रमुखको स्वीकृति लिई उपलब्ध गराउन सक्ने छ ।

(४) यस निर्देशीका अनुसार सिफारिस भई आएका लैङ्गिक हिंसा प्रभावित व्यक्तिका हकमा सम्बन्धित अस्पतालमा उपलब्ध हुने सबै स्वास्थ्य सेवाहरू (परीक्षण, उपचार, बेड, ल्याब, सर्जरी, औषधि, आदि) निःशुल्क रूपमा पाउने व्यवस्था मिलाउनुपर्ने छ ।

(५) बहिरङ्ग र आकस्मिक कक्षमा सेवा लिन आउने लक्षित समूहका बिरामीहरूले आधिकारिक परिचयपत्र वा सिफारिसपत्र नल्याएको भए निजको आफन्त, छरछिमेकको छिटो माध्यमबाट पहिचान गरि पुष्टि भए एक पटकका लागि सामाजिक सेवा एकाइले गरेको मूल्याङ्कनको आधारमा निःशुल्क वा आंशिक छुटमा सेवा उपलब्ध गराउनुपर्ने छ । अर्को पटक आउँदा अनिवार्य रूपमा परिचयपत्र ल्याउनुपर्ने कुरा जानकारी गराउनुपर्दछ ।अन्तरङ्गमा भर्ना भएका गरिबलगायत अन्य लक्षित समूहका बिरामीहरूले उपचारको क्रममा लक्षित समूह खुल्ने परिचयपत्र वा सिफारिसपत्र उपलब्ध गराएमा सामाजिक सेवा एकाइबाट उपचारमा सहुलियत पाउन सक्ने छन् ।

(६) निःशुल्क स्वास्थ्य सेवा प्राप्त गर्ने बिरामीलाई उपचारको सिलसिलामा आइसोलेसन वा आई.सी.यू.मा राख्नु पर्ने अवस्था बाहेक अन्य अवस्थामा जेनेरल बेड मात्र उपलब्ध गराउनुपर्ने छ ।

१९. **<u>प्रेषण व्यवस्थापनः</u>** लक्षित वर्गका बिरामीलाई प्रेषण गर्नु परेमा स्वास्थ्य सेवा निःशुल्क वा सहुलियत रूपमा पाउने व्यवस्था मिलाउनु पर्नेछ । यसरी लक्षित समूहका बिरामीहरूलाई तल्लो तहको स्वास्थ्य संस्थाबाट माथिल्लो तहमा प्रेषण गर्दा हाल प्रयोगमा ल्याइएको प्रेषण पुर्जा भरी पठाउनुपर्ने छ ।

२०. **<u>प्रेषण भई आउँदा आवश्यक कागजातहरूः</u>** (१)स्वास्थ्य संस्थामा प्रेषण भई आउँदा देहाय बमोजिमका कागजहरु पेश गर्नुपर्नेछः-

(क) लक्षित समूह (गरिब, असहाय, अपाङ्गता भएका व्यक्ति, ज्येष्ठ नागरिक, लैङ्गिक हिंसाबाट पीडित शहिद परिवार लोपोन्मुख आदिवासी जनजाति र महिला स्वास्थ्य स्वयंसेविका) भएको सरकारी निकायबाट जारी गरिएको परिचयपत्र |

(ख) लैङ्गिक हिंसाबाट प्रभावित व्यक्तिको हकमा स्थानीय तह वा जिल्ला प्रशासन कार्यालय वा जिल्ला प्रहरी कार्यालय वा एकद्वार सङ्कट व्यवस्थापन केन्द्रले प्रेषण गरेको पुर्जा ।

(ग) तल्लो तहको स्वास्थ्य संस्थाबाट कारणसहित खुलाएको प्रेषण पुर्जा ।

(२) यसरी प्राप्त परिचयपत्र र प्रेषण पुर्जाका आधारमा सामाजिक सेवा एकाइले लक्षित समूहको पहिचान गरी लक्षित समूहलाई दिइने स्वास्थ्य उपचार सुविधा प्राप्त गर्नमा आवश्यक सहयोग गर्नुपर्नेछ ।

परिच्छेद ४

क्षमता विकास तथा बजेट व्यवस्था

२१. **क्षमता विकासः** (१)तोकिएका अस्पतालहरूमा सामाजिक सेवा एकाइ मार्फत् अस्पतालका स्वास्थ्यकर्मी तथा व्यवस्थापन कर्मचारीहरूलाई समावेश गराई सामाजिक सेवा एकाइका उद्देश्य सञ्चालन ढाँचा, काम, कर्तव्य र अधिकार लक्षित समूहको पहिचानका बारेमा जानकारी दिनु पर्नेछ ।

(२) जिल्ला अस्पताल, स्वास्थ्य कार्यालय, आयुर्वेद स्वास्थ्य केन्द्र, प्राथमिक स्वास्थ्य केन्द्र, स्वास्थ्य चौकी र आर्युवेद औषधालयमा कार्यरत कर्मचारीहरूका लागि निःशुल्क वा आंशिक छुट सेवा, सामाजिक सेवा एकाइको भूमिका, कार्यसञ्चालन प्रक्रिया आदिका बारेमा जानकारी दिन अस्पताल व्यवस्थापनले अभिमुखीकरण कार्यक्रम सञ्चालन गर्नुपर्ने छ यस्तो अभिमुखीकरण कार्यक्रमको आयोजना छुट्टै नगरी अन्य नियमित कार्यक्रमहरू सञ्चालन गर्दा सामाजिक सेवा एकाइको विषय पनि समावेश गर्नुपर्ने छ ।

(३) अस्पताल व्यवस्थापनले एकाइमा कार्यरत कर्मचारीहरूलाई लक्षित समूह पहिचान गर्न र सफ्टवेयर प्रणालीमा आधारित अभिलेख तथा प्रतिबेदन गर्न तालिम प्रदान गर्नु पर्नेछ ।

२२. **समन्वय तथा सहकार्यः** सामाजिक सेवा एकाइले सामाजिक स्वास्थ्य सुरक्षा व्यवस्थापन समितिमार्फत मन्त्रालय / जनसङ्ख्या व्यवस्थापन महाशाखा, नर्सिङ तथा सामाजिक सुरक्षा महाशाखा प्रदेश स्वास्थ्य सम्बन्धित मन्त्रालय, प्रदेश स्वास्थ्य निर्देशनालय, सम्बन्धित स्वास्थ्य कार्यालय, अस्पताल व्यवस्थापन तथा अस्पतालभित्रका विभिन्न विभाग एंव शाखाहरूसँग समन्वय कायम गर्दै कार्य गर्नुपर्ने छ ।यसको साथै स्रोत परिचालन र सहयोगका लागि अस्पताल व्यवस्थापनको पहलमा स्थानीय तह, दातृसंस्था गैरसरकारी संस्था सामाजिक संस्था तथा अन्य सरोकारवाला संस्थाहरूसँग समन्वय कायम गर्दै कार्य गर्नुपर्ने छ ।

परिच्छेद-५

अनुगमन तथा मूल्याङ्कन

२३. **अभिलेख :** सामाजिक सेवा एकाइले अस्पतालबाट निशुल्क तथा आंशिक छुटमा सेवा पाएका बिरामीहरूको अभिलेख यसै निर्देशिकाको अनुसूची- ६ को ढाँचामा राख्नुपर्नेछ । अभिलेख रजिस्टर र अनलाईन प्रणाली मार्फत् दोस्रो महिनाको पहिलो हप्ता भित्र एकीकृत स्वास्थ्य सूचना प्रणालीमा समावेश गराउनु पर्नेछ ।

२४. **<u>समीक्षा तथा प्रतिवेदनः</u>** (१) प्रत्येक अस्पतालमा रहेको सामाजिक स्वास्थ्य सुरक्षा व्यवस्थापन समितिले चौमासिक रूपमा सामाजिक सेवा एकाइको कार्य प्रगतिको समीक्षा र वर्षको एकपटक वार्षिक समीक्षा गर्नुपर्ने छ । सामाजिक सेवा एकाइले वार्षिक समीक्षाका लागि सेवा लिएका लक्षित समूहका बिरामीहरूसँग सम्बन्धमा धारणा बुझी सेवाको गुणस्तर सुधारका लागि अनुसुची ८ अन्तर्गत क, ख र ग मा उल्लेख गरिएका सूचकहरूका आधारमा आवश्यक सुझाबहरू उपलब्ध गराउनुपर्ने छ। साथै, मन्त्रालयको जनसङ्ख्या व्यवस्थापन महाशाखा, नर्सिङ तथा सामाजिक सुरक्षा महाशाखा र प्रदेश सम्बन्धित मन्त्रालयको स्वास्थ्य निर्देशनालयबाट वार्षिक रूपमा सामाजिक सेवा एकाइको कार्यप्रगति राम्रा अभ्यास, सिकाइ तथा समस्याहरूका बारेमा समीक्षा गर्नु पर्नेछ ।

(२) सामाजिक सेवा एकाइले यसै निर्देशिकाको अनुसूची ६ को अभिलेख र अनुसूची- ७ अनुसारको प्रतिवेदन फारम चौमासिक तथा वार्षिक रूपमा भरेर अस्पतालमा रहेको सामाजिक स्वास्थ्य सुरक्षा व्यवस्थापन समितिमा पेश गर्नुपर्ने छ ।वार्षिक प्रतिवेदन तयार गर्दा फारमहरूका अतिरिक्त सूचनाहरूको विश्लेषण गरी संक्षिप्त प्रतिवेदनसमेत पेश गर्नुपर्नेछ। सो संक्षिप्त प्रतिवेदनमा सामाजिक सेवा एकाइका राम्रा प्रयासहरू, सिकाइहरू, भोग्नुपरेका कठिनाइ/चुनौतीहरू र सम्भावित उपायहरू समेत समावेश गर्नु पर्नेछ ।

(३) सामाजिक सेवा एकाइले कुनै पत्राचार गर्नुपरेमा मन्त्रालयको इमेल ठेगानाः gesimohp@gmail.com स्वास्थ्य सेवा विभागको नर्सिङ तथा सामाजिक सुरक्षा महाशाखाको इमेल ठेगानाः nursing2075@gmail.com र प्रदेश स्वास्थ्य मन्त्रालयमा पठाउनु पर्नेछ ।

(४) प्रत्येक अस्पताल सामाजिक सेवा एकाइले आफ्नो छुट्टै संस्था इमेल स्थापना गरी सो मार्फत सूचना आदान-प्रदान गर्नुपर्ने छ ।उदाहरणका लागि, भरतपुर अस्पतालको सामाजिक सेवा एकाइको इमेल ठेगानाः<u>ssubharatpur@gmail.com</u>

२५. <u>अनुगमनः</u>

(१)अस्पतालमा रहेको व्यवस्थापन समितिले नियमित रूपमा एकाइको आन्तरिक मूल्याङ्कन तथा मार्गदर्शन गर्नु पर्नेछ । सामाजिक स्वास्थ्य सुरक्षा व्यवस्थापन समितिले एकाई सञ्चालनमा कुनै समस्या आईपरेमा अस्पताल व्यवस्थापन समितिबाट सल्लाह सुझाव लिन सक्नेछ ।

२६. <u>मूल्याङ्कनः</u> सामाजिक सेवा एकाइको प्रभावकारिताबारे अस्पताल व्यवस्थापनले प्रत्येक ६/६ महिनामा अध्ययन गरी तयार भएको प्रतिवेदनको सुझावको आधारमा सामाजिक सेवा एकाइलाई प्रभावकारी एवं सुदृढ गर्दै लैजानु पर्नेछ ।

<u>विविध</u>

२७. <u>थपघट र हेरफेरः</u> यस निर्देशिकाको कार्यान्वयनको क्रममा कुनै वाधा अवरोध र अस्पष्टता भएमा त्यस्तो बाधा अड्चन फुकाउने कार्य संचालन समितिले गर्नेछ।

अनुसूची-१
कागेश्वरी मनोहरा नगर अस्पताल
लक्षित समूह पहिचान फाराम

१.बिरामीको व्यक्तिगत विवरण

(क) नाम थरः (ख) उमेरः ग) लिङ्गः घ) बाबु आमाको नामः

ङ) बिरामीको ठेगानाः

(अ) जिल्लाः आ) गाउँपालिका/ नगरपालिकाः इ) वार्ड नं.

च) सम्पर्क टेलिफोन (भएमा): छ) HMIS जातिगत समूहः

२.बिरामीका बारेमा थप विवरण

क) अन्य स्वास्थ्य संस्था वा अस्पतालबाट प्रेषण भई आएको.................हो होइन ?

ख) यस आ.व. भित्र निःशुल्क स्वास्थ्य सेवा प्रयोग गरिसकेको................ छ/छैन ?

(ग) बिरामी कुन लक्षित समूहको सुविधा लिन चाहन्छन्, उपयुक्त कोठामा चिन्ह लगाउनुहोस् ।

(i) गरीब ii) असहाय iii) अपाङ्गता भएका व्यक्ति

(iv) जेष्ठ नागरिक (v) लैङ्गिक हिंसापीडित vi) महिला स्वास्थ्य स्वयंसेविका

vii) विपद् / प्राकृतिक प्रकोप पीडित................ viii) सीमान्तीकृत / लोपोन्मुख आदिवासी, जनजाति

ix) गरीब / विपन्न आकस्मिक बिरामी x) शहिद परिवार

(xi) कुपोषित बालबालिका xii) अन्य (खुलाउने)

छ/छैन?

घ) लक्षित समूह प्रमाणित गर्ने आधिकारिक परिचयपत्र वा सिफारिस पत्र................ छ/छैन?

बिरामीले अतिगरीब / गरीबको रूपमा सहुलियत / निःशुल्क सेवा लिन चाहेको हो भने तल दिइएको नं ३ को (क देखि ग सम्मको) व्यहोरा पूरा गर्नुपर्छ ।

३. बिरामीको आर्थिक अवस्था (उपयुक्त कोठामा चिन्ह लगाउनुहोस्)

क) बिरामी र उसको परिवारको आम्दानीको स्रोतः

i) नेपाल वा भारतमा कृषि तथा गैरकृषि अदक्ष ज्याला मजदुरी

ii) नेपाल र भारतमा कृषि तथा गैर कृषि सीपमूलक ज्याला मजदुरी

iii) कृषि

iv) नेपाल वा भारतमा सरकारी तथा निजी संस्थामा नियमित नोकरी

V) बन्द व्यापार वा व्यवसाय

(vi) मलेशिया वा अरब देशहरूमा वैदेशिक रोजगारी

vii) अन्य (तोक्नुपर्ने)

ख) बिरामीको आम्दानीका स्रोत, बिरामी र उनको परिवारको लुगा, जुत्ता तिहार शारीरिक अवस्था हेर्दा उनले दिएको उत्तर मेल नखाएमा आवश्यकता अनुसार थप प्रश्न गरी समग्रमा तपाईलाई परेको छापका आधारमा बिरामी

अति गरीबमा पर्दछन्, गरीबमा पर्दछन् गरीब भित्र पर्दैनन्

ग) मैले आफ्नो र सगोल परिवारको आम्दानीबाट उपचार गराउन असमर्थ भएकोले यस अस्पतालबाट उपलब्ध हुने निःशुल्क उपचार वा आंशिक छुटको व्यवस्था गरी पाउँ ।उपरोक्त व्यहोरा ठीक साँचो छ, झुट्टा ठहरेमा कानून बमोजिम सहुँला बुझाउँला ।

....

विरामीको वा अभिभावकको दस्तखत

तयार गर्ने	**सिफारिस गर्न**	**स्विकृत गर्न नामः**
नामः	नामः	नामः
पदः	पदः	पदः
दस्तखतः	दस्तखतः	दस्तखतः
मितिः	मितिः	मितिः

अनुसूची- ४

कागेश्वरी मनोहरा नगर अस्पताल

सेवाग्राहीलाई सहुलियत रूपमा सेवा दिँदा भर्नुपर्ने फाराम

अस्पतालको नामः

दर्ता नं.

मिति :

नाम थर :

ठेगाना :

उमेर :

छुटः पूर्ण/आंशिक :

लक्षित समूहको किसिम :

रोगको किसिमः

लिङ्गः

क्र.स.	सेवा प्रदान मिति	सेवा विवरण	मूल्य रु.	जम्मा रकम	छुट रकम	सेवा प्रदान गर्नेको सही
	जम्मा					

....

बिरामी /अविभावकको दस्तखत

नामः

मितिः

स्विकृत गर्नेः

नामः

पदः

म

अनुसूची-५

कागेश्वरी मनोहरा नगर अस्पताल

बजेट अनुमान

आ. व. ....

निःशुल्क तथा छुटसेवाको विवरण	एकाइ	चालु आ.व.मा सेवाग्राही संख्या	आगामी वर्ष थप हुने अनुमानित सङ्ख्या	जम्मा (३+४)	प्रति एकाइ लागत खर्च	अनुमानित कुल बजेट(५x६)
१	२	३	४	५	६	७
जम्मा						

स्रोत :

अस्पताल विकास समितिको आफ्नै स्रोत रु..............................

स्वास्थ्य तथा जनसङ्ख्या मन्त्रालयले प्रदान गर्ने रु......................

प्रदेश सामाजिक विकास मन्त्रालयले प्रदान गर्ने रु........................

स्थानीय तहले प्रदान गर्ने रु.................................

अन्य (स्रोत खुलाउने) रु..................................

जम्मा...........................

पेश गर्नेः	**स्विकृत गर्नेः**
नामः	**नामः**
पद	**पदः**
दस्तखतः	**दस्तखतः**
मितिः	**मितिः**

<u>अनुसूची- ६</u>

कागेश्वरी मनोहरा नगर अस्पताल

दैनिक सेवा रजिष्टर

सामाजिक सेवा एकाइमा आएका बिरामीको दैनिक पञ्जीका

आ.व............

मिती ....

क्रम संख्या	दर्ता नं.	नाम	उमेर	लिङ्ग	नयाँ वा पुरानो	बिरामीको ठेगाना जिल्ला/ न.पा	लक्षित समुह	आधिकारीक परिचय पत्र अथवा सिफारिस पत्र छ वा	HIMS जातिगत समूह	प्रेक्षण भईआएको सिफारिस हो /होइन	विभाग आकस्मिक, वाहिरिङ्ग, अन्तरिङ्ग	औषधी	छुट वा पुरा खर्च रु मा		
													परिक्षण	अपरेसन	अन्य खर्च

अनुसूची-७

कागेश्वरी मनोहरा नगर अस्पताल

सामाजिक सेवा एकाइ प्रतिवेदन ढाँचा

आ.व ....महिना....................... को मासिक चौमासिक वार्षिक प्रगति प्रतिवेदन

सेवा पाएका बिरामीको संख्या (लक्षित समूह र अन्य विवरण)														
गरिब	असहाय	अपाङ्गता भएका व्यक्ति	लैङ्गिक हिंसा	ज्येष्ठ नागरिक	गरिब/विपन्न आकस्मिक	विपद्/प्राकृतिक प्रकोप पिडित	अन्य	आधिकारिक परिचय पत्र अथवा सिफारिस त्रसहितका बिरामी	दोहोरिएर आएका बिरामी	पुरुष	महिला	तेस्रो लिङ्गि	कुल सेवा पुराएको बिरामी संख्या

सेवा पुराएका बिरामीको संख्या (एच एम आई एस वर्गीकरणअनुसार तथा अन्य विवरण)											
दलित	जनजाति	मधेशी	मुस्लिम	बाहुन क्षेत्री	अन्य	प्रेषण भएर आएका बिरामी	अन्य जिल्ला बाट आएका बिरामी	गाँउबाट आएका बिरामी	आकस्मिक बिरामी	बाहिरिङ्ग बिरामी	भर्ना भएका बिरामी

स्वास्थ्य सेवाको खर्च र उपलब्ध गराइएको छुट रकम तथा अन्य विवरण											
औषधी	छुट	परिक्षणको प्रकार	छुट रकम	अपरेसन	छुट रकम	अन्य खर्च(रगत,बेड,यातायात)	छुट रकम	कुल खर्च	कुल छुट रकम	प्रति बिरामी औषत खर्च	प्रति बिरामी औषत खर्च छुट

अनुसूची-८

कागेश्वरी मनोहरा नगर अस्पताल

सूचकहरू

क.स	क) क्षमता मापनका सूचकहरू	हालको अवस्था	प्राप्ताङ्क
१	सामाजिक सेवा एकाइमा आवश्यकताअनुरूप कर्मचारी कार्यरत छन् (एक अधिकृतस्तरको पूर्णकालीन एकाइ प्रमुख, लैङ्गिक सन्तुलनसहित आवश्यकतानुसार सहजकर्ताको व्यवस्था) ।		
२	सामाजिक सेवा एकाइका सबै कर्मचारीले निर्देशिकामा उल्लेखित आफ्नो भमिका, जिम्मेवारी र अस्पताल प्रणालीलाई राम्ररी बुझेका छन् ।		
३	सामाजिक सेवा एकाइमा बस्ने कर्मचारीहरू अभिलेख तथा प्रगत प्रतिवेदन फारम प्रयोग गर्न र अनलाइन रेकर्डिङ्ग ररिपोर्टिङका लागि विकास गरिएको सफ्टवेयर अनुसार सूचना राख्न सक्षम छन् ।		
४	सामाजिक सेवा एकाइका कर्मचारी तथा सहजकर्ताहरू एकाइको ध्येय प्राप्त गर्न सशक्त नेतृत्व, प्रभावकारी संचार र उच्च मनोबलका साथ कार्य गरिरहेका छन् ।		
५	सामाजिक सेवा एकाइका लागि सहायतता कक्ष, कार्यालय, आवश्यक फर्निचर, कम्प्यूटर र अन्य सामग्रीहरूको व्यवस्था छ ।		
६	सामाजिक स्वास्थ्य सुरक्षा व्यवस्थापन समिति र अस्पतालका विभिन्न विभाग तथा शाखाबाट समाजिक सेवा एकाइलाई पूर्ण सहयोग प्राप्त भएको छ ।		
	पूर्णाङ्क २४ अंक		
	प्रतिशत (२४ पूर्णाङ्कमा)		%

क.स	ख) नियमभित्र रहेर कार्य गर्ने सूचकहरू	हालको अवस्था	प्रासाङ्ग
१	सामाजिक सेवा एकाइले कार्ययोजना अनुरूप कार्य गरिरहेको ।		
२	२बिरामीको व्यक्तिगत विवरण तथा निर्देशिकामा उल्लखित फाराम र अभिलेखहरू दुरुस्त रजिस्टर र अनलाइन रिपोर्टिङ प्रणलीमा भरिएको ।		
३	३आंशिक तथा पूर्ण छुट सेवा प्रदान गर्ने अधिकार सामाजिक सेवा एकाइमा प्रत्यायोजन गरिएको ।		
४	नियमित रूपमा प्रतिबिरामी खर्च अभिलेख राख्ने र बजेट सिमालाई पूर्ण अनुशरण गरिएको ।		
५	आफन्तविनाका तथा एक्लै आएका लक्षित समूहका बिरामीहरूलाई पूर्ण सहयोग एवम् सहजीकरण गरिएको ।		
६	सामाजिक स्वास्थय सुरक्षाव्यवस्थापन समिति र अस्पतालका अन्य विभागहरूसग प्रभावकारी समन्वय कायम रहेको ।		
७	सम्पन्न वर्गका बिरामीलाई स्वास्थ्य सेवामा आंशिक तथा पूर्ण छुट लिनबाट हतोत्साहित गर्न सेवा पाएका बिरामीहरूको नामावली सूचना बोर्ड, स्थानीय पत्रपत्रिकामार्फत वा अन्य विधिद्वारा नियमीत रूपमा सार्वजनिक गर्ने प्रचलन ।		
	पूर्णाङ्ग २८ अंक		

	प्रतिशत (२८ पूर्णाङ्कमा)		%

क.स	ग) नतिजाका सूचकहरू	हालको अवस्था	प्रासाङ्ग
१	कूल बिरामीको कति प्रतिशत लक्षित समूहका बिरामीले आंशिक तथा पूर्ण छुटमा छन् र अस्पतालको कूल बजेटको कति प्रतिशत निःशुल्क सेवामा खर्च भएको छ		
२	आफ्नो परिचय खुल्ने कार्ड अथवा सिफारीस लिएर आएका लक्षित समूहका विरामीको प्रतिशत कति छ ?		
३	अन्य स्वास्थ्य संस्थाबाट प्रेषण भएर आएका बिरामीहरूको प्रतिशत कति रहेको छ ?		
४	छिमेकि जिल्लाहरूबाट आउने लक्षित समूहका बिरामीहरूको प्रतिशत कति छ ?		
५	ग्रामिण क्षेत्रबाट आउने लक्षित समूहका बिरामीहरूको प्रतिशत कति छ ?		
६	स्वास्थ्य मन्त्रालयको एच एम आई एस वर्गीकरणअनुसार पिछडिएका समूहका बिरामीहरूको अनुपात कम्तीमा त्यस जिल्लाको पिछडिएका समूहको जनसङ्ख्याको अनुपातसँग मिल्दोजुल्दो छ ?		
	पूर्णाङ्क २४ अंक		

	प्रतिशत (२४ पूर्णाङ्कमा)		%

क.स	घ) उपलब्धिका सूचकहरू	हालको अवस्था
१	अस्पतालस्थित सामाजिक सेवा एकाइबाट आशिक तथा पूर्ण छुट सेवासँग सन्तुष्टको प्रतिशत ।	.... %
२	अस्पतालको आशिंक तथा पूर्ण छुट सेवासँग सम्वन्धी परीक्षण, औषधि तथा अन्य सेवाको उपलब्धतासँग सन्तुष्ट लक्षित समूहका बिरामीहरूको प्रतिशत ।	.... %
३	अस्पतालको पूर्ण तथा आंशिक छुट सेवा आफ्नो अधिकारभित्र पर्छ भन्ने बुझेका लक्षित समूहका विरामीहरूको प्रतिशत ।	.... %
४	जचाउन आउनु अघि अस्पतालमा पूर्ण तथा आंशिक छुटबारे जानकारी भएका लक्षित समूहका बिरामीहरूको प्रतिशत ।	.... %
५	बिरामीहरूलाई पूर्ण तथा आंशिक छुट सेवाबारे अस्पतालका कर्मचारीले बताउनुभन्दा अघि अरूनै स्रोतबाट जानकारी भएका लक्षित समूहका बिरामीहरूको प्रतिशत ।	.... %

६	गत आर्थिक वर्षमा पूर्ण तथा आंशिक छुट सेवाको लागि भनेर स्वास्थ्य मन्त्रालयबाट आएको अनुदानबाहेक अन्य स्रोतबाट जम्मा भएको रकम ।	रु.......
७	सामाजिक सेवा एकाइलाई सम्बन्धित अस्पतालले पूर्ण स्वामित्वमा लिएको छ ?	छ/छैन/आशिंक/ मात्र

....

आज्ञाले

पुरुषोत्तम सुवेदी

प्रमुख प्रशासकीय अधिकृत

कार्यपालिकावाट स्वीकृत मितिः २०८१।१२।२६

प्रमाणिकरण मितिः २०८१।१२।२६